| | |
|---|---|
| कार्यविधि संख्या | ०६ |

अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७७

| | |
|---|---|
| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०७७/११/१४ |

**माण्डवी गाउँपालिका**

**प्यूठान जिल्ला**

**लुम्बिनी प्रदेश**

# अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७७

प्रमाणीकरण मितिः २०७७/११/१४

माण्डवी गाउँपलिका अन्तर्गतको आ.व. २०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार कृषि उपजको उत्पादन तथा उत्पादकत्व बढाएर गाउँपालिकामा कृषि क्षेत्रमा रोजगारि सृजना गरि उक्त क्षेत्रलाइ यस गाउँपालिकाको नमुना कृषि क्षेत्र बनाउने मुल उद्देश्य राखि कृषि पकेट क्षेत्र सञ्चालन कार्यक्रम सुव्यवस्थित ढंगबाट गर्न बाञ्छनिय भएकोले गाउँपालिकाले " **अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७७**" तयार गरेको छ।

## परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम तथा प्रारम्भः(१) यस कार्यविधिको नाम " **अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०७७"** हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषाः बिषय बा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क."कार्यालय" भन्नाले माण्डवि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ख. "पकेट क्षेत्र" भन्नाले बृहत कृषि पकेट क्षेत्रलाई सम्झनु पर्दछ।

ग. "समिति" भन्नाले कृषि पकेट कार्यक्रम सञ्चालन गर्नको लागि सम्वन्धित पकेट क्षेत्रका कृषक समुहले आफ्ना सदस्यहरु मध्ये बाट गठन गरेको समिति सम्झनु पर्दछ।

घ. "व्यावसायिक खेती" भन्नाले कृषक कृषक समुह कृषि सहकारीहरुले व्यबसायिक उत्पादनमा जोड दिइ रोजगारी समेत सृजना गर्ने गरि गरिने उत्पादनलाइ सम्झनु पर्दछ।

## परिच्छेद-२

### ३ अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम कार्यान्वयनका क्षेत्रहरु

१.अरङखोला करिडोर लक्षित साना सिँचाइ कार्यक्रम

२. अरङखोला करिडोर लक्षित प्लाष्टिक घर फलामको स्टाय्ण्ड सहित कार्यक्रम

३. अरङखोला करिडोर लक्षित मौरीपालन कार्यक्रम

४. अरङखोला करिडोर लक्षित व्यबसायिक च्याउ कार्यक्रम

५. अरङखोला करिडोर लक्षित पक्कि तथा प्लाष्टिक पोखरी निर्माण कार्यक्रम

६. अरङखोला करिडोर लक्षित माछा पोखरी निर्माण कार्यक्रम

७. अरङखोला करिडोर लक्षित लिफ्ट सिँचाइ आयोजना कार्यक्रम

८. अरङखोला करिडोर लक्षित बीउ भण्डारणका लागि सिड विन वितरण तथा बीउ सुकाउनको लागि त्रिपाल वितरण कार्यक्रम

९. अरङखोला करिडोर लक्षित सामुदायिक तरकारी नर्सरी स्थापना कार्यक्रम

१०. अरङखोला करिडोर लक्षित आलु पकेट क्षेत्र निर्माण कार्यक्रम

११. अरङखोला करिडोर लक्षित कडकनाथ कुखुरा तथा कालिज प्रवर्द्धन  कार्यक्रम

१२. अरङखोला करिडोर लक्षित उन्नत जातका बंगुरका पाठापाठी वितरण तथा प्रवर्द्धन  कार्यक्रम

१३. अरङखोला करिडोर लक्षित दुग्ध डेरी पसल निर्माण सुधार कार्यक्रम

१४. माटो परीक्षण सञ्चालन कार्यक्रम

१५. अरङखोला करिडोर लक्षित मासुपसल निर्माण सुधार कार्यक्रम

१६. उन्नत जातका बाख्रा- बाख्राको खोर वितरण कार्यक्रम

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

४.**सुचना प्रवाहः**-माण्डवी गाउँकार्यपालिकाको कार्यालयले कम्तिमा पनी १० दिनको म्याद दिएर सूचना प्रकाशन गर्नेछ ।प्रथम पटकमा प्रकाशित सूचनामा प्रयाप्त आवेदन नपरेमा दोश्रो पटक सूचना प्रकाशित कार्यालयले गर्नेछ ।यस्तो सुचना सरोकारवाला सबैको जानकारीका लागि स्थानीय तहको वेव साईटमा समेत राखिनेछ।

**५.प्रस्ताव आव्हानः**-सूचना प्रकिशत समय भित्र प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समुह/उपभोक्ता समुहले  वा कृषकले निवेदनका साथ प्रस्ताव पेश गर्नु पर्नेछ।निवेदनका साथमा वडाकार्यालयको सिफारिस नागिरकताको प्रमाणपत्रको प्रतिलिपि कार्ययोजना गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**६.विशेष पकेट क्षेत्र निर्माण/छनौट प्रक्रियाः**-विशेष कृषि पकेट निर्माण तथा छनौट देहायअनुसार हुनेछः-

पकेट क्षेत्र निर्माणका लागि देहाय बमोजिमका सेवा/सुविधा/पुर्वाधारहरु भएको हुनुपर्नेछः-

क) सडकको पहुँच भएको वा हुनसक्ने,

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने,

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने,

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुनसक्ने वा एउटै कोरिडोरमा रहेको,

ङ) बजार पूर्वाधार भएको तथा हुनसक्ने।

**७.पकेटक्षेत्र सञ्चालन प्रक्रियाः-**

१.पकेट क्षेत्रमा रहेका सम्पूर्ण स्थानिय लाई जानकारी गराइ आम भेलाको आवहान गरि उक्त क्षेत्रमा रहेका सम्भावनाका बारे छलफल गर्ने।

२. कृषि क्षेत्र सञ्चालनका सम्वन्धमा पकेट क्षेत्र सञ्चालन मुल समितिको गठन गर्ने।

३. गाउँपालिकाले छुट्याएको बजेटको आधारमा कुन कुन क्षेत्रमा कति रकम विनियोजन गर्न सकिन्छ सो क्षेत्रहरू निर्धारण गर्ने।

४. उक्त क्षेत्रमा रहेका सम्भावनाका बारे अध्ययन गरि उक्त क्षेत्रका स्थानिय माझ सो बिषयमा जानकारि गराइ सम्भवनाका क्षेत्र संग लक्षित कार्यक्रम गर्न अभिप्ररित गर्ने।

५.गाउँपालिका द्वारा उक्त क्षेत्रका स्थानिय माझ आवेदनको सुचना प्रकाशन गर्ने।

६.इच्छुक व्यात्कि र इच्छा भएको तर आफ्नो जग्गा नभएकोले भाडामा लिएर पनि संञ्चालन गर्न सक्ने गरि आफुले गर्न चाहेको क्षेत्र, व्यवसाय सञ्चालन गर्न प्रयोग हुने जग्गाको लालपुर्जा, नागरिकताको प्रतिलिपि,कबुलियतिनामा सहित निवेदन दर्ता गर्ने।

७. व्यवसायको प्रकृतिका आधारमा लाग्ने क्षेत्रफल अनुसुचि-२ वमोजिम हुनेछ।

८. निवेदनको आधारमा सो व्यात्किले गर्न चाहेक व्यवसायको किसिम र उक्त व्यात्किको जग्गाको अवस्थाको आधारमा गाउँपालिकाका कृषि प्राविधिकले अवलोकन गरि  स्विकृत गरिनेछ।

९) गाउँपालिकाको कृषि तथा पशुविकास शाखाबाट स्थलगत अनुगमन गरी गाउँकार्यपालिकामा अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१०) गाउँकार्यपालिकामा पेश भएको कृषि तथा पशु विकाश शाखाको प्राविधिक प्रतिवेदन तथा आवेदकको प्रस्तावका आधारमा गाउँकार्यपालिका बैठकबाट प्रस्तावहरुको छनौट गरिनेछ ।

**८ पकेट सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः-**

क) पकेट सञ्चालनका लागि आवश्यक उत्पादन सामाग्रीहरूको परिमाण, श्रोत र लागतको अनुमान गर्ने।
ख) बालि चक्रको लागि उत्पादन योजना सहितको प्रस्ताव तयार गर्ने।
ग) कृषि शाखा/भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञको समन्वयमा आवश्यक उत्पादन सामाग्रिको व्यवस्थापन गर्ने।
घ) पकेट क्षेत्रको प्रोफाइल अद्यावधिक गर्ने।
ङ) पकेट क्षेत्र सञ्चालन गरिने कार्यक्रम कृषि शाखा,पशु शाखा तथा स्वास्थ्य शाखा संग समन्वयमा कार्यान्वयन र आवश्यक अनुसार समन्वय गर्ने।
च) मासिक रुपमा कृषि शाखा,पशु शाखामा प्रगति प्रतिवेदन पेश गर्ने।
छ) सञ्चालन समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकता अनुसार अन्य समयमा समेत बस्न सक्नेछ।बैठकमा समिति बाहिर रहेका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।
ज) पकेट क्षेत्र सञ्चालन सम्वन्धि आन्तरिक आचारसंहिता (code of conduct) तयार गरि लागु गर्ने।
झ) पकेट क्षेत्रमा प्रवर्द्धित कृषि बिमा गराउनु पर्नेछ।
ञ) पकेट क्षेत्र स्तरमा सञ्चालन हुने सम्पुर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम गर्नु पर्नेछ।
ट) प्रस्ताव छनौट भएका कृषकहरुले पनि आफूले गरेको कामको मासिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**९. बजेटको व्यबस्थापनः** अरङ्गखोलामा बृहत कृषि पकेट कार्यक्रम सचालनका लागि नेपाल सरकारको शसर्त अनुदान अन्तर्रगत रु  १ करोड प्राप्त भएको छ ।

**१०.भुक्तानी प्रकृयाः** कृषक कृषक समुह कृषि सहकारी तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यक्ति वा समुहलाई देहाय अनुसार रकम भुक्तानी गरिनेछ।

१.सम्झौता भएपछि काम गर्नें कार्ययोजना अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ

२. सत प्रतिशत कार्य सम्पन्न भएपछि मात्र बील भर्पाईका आधारमा भुक्तानी गिरनेछ

३.सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी गरिनेछ

४. भुक्तानी हुँदाका बखत लाभग्राहिले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा वीलहरुमा स्पस्ट देखिएको हुनुपर्ने।यदि लाभग्राहिले अनिबार्य गर्नुपर्ने साझेदारी नगरेमा अनुपातिक रुपमा भुत्तानी गर्ने रकमबाट कट्टा गिरनेछ ।

५.भुक्तानिको अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ।

६.सम्पुर्ण भुत्तानी कृषक कृषक समुह वा कृषक सहकारीले बैकमा खोलिएको बैंक खाता मार्फत रकम उपलब्ध गराइनेछ।

७. कृषक कृषक समुह वा कृषक सहकारीले तोकिएको कार्य सकि कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधक मूल्याङ्कन(नाँप जाँच) गरी भुक्तानीको व्यव्था मिलाउनु पर्नेछ।

८ कुनै पनि कार्यक्रमलाइ कार्यक्रम सम्पन्न नगरी अनुदानको रुपमा रकम भुत्तानी दिइने छैन ।कार्यक्रम सम्पन्न जति भएको छ सोको मुल्यांकनका आधारमा लाभग्राहिको सम्पुर्ण साझेदारी कट्टा गरी भुत्तानी दिइनेछ ।

९. अन्तिम भुक्तानी दिँदा व्यक्तिको हकमा ५० हजार देखि २ लाख सम्म कार्यसम्पन्नको आधारमा भुक्तानी दिइनेछ भने उपभोक्ता समिति, कृषक समूह, सहकारी र व्यक्तिगत कृषि फर्महरुलाई रु १ लाख देखि बढीमा २० लाख सम्म कार्यसम्पन्नको आधारमा भुक्तानी दिइनेछ ।

**११.कार्यक्रम सञ्चालनकर्ता वा समुहले पालन गर्नुपर्ने शर्तहरुः-**

१. सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अपेधित उपलब्धि सहितको सार्वजनिक सुचना पाटी निर्माण स्थलमा राख्नु पर्नेछ।

२.पकेट सञ्चालन क्रममा गाउँपालिकाबाट दिइएको निर्देशनको पुर्ण रुपमा पालना गर्नु पर्नेछ।

३.गाउँपालिकाले खोजेका बखत सञ्चालन कार्य प्रगति हेर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ र सो प्रगति देखाउन सम्बन्धित कृषक कृषक समुह वा कृषक सहकारीले लेखा तथा अभिलेख व्यवस्थित रुपमा राखेको हुनु पर्नेछ।

४. पकेट सञ्चालनको व्यवस्थित योजना तयार गर्नु पर्नेछ।

५.अनुदान रकम भुक्तानीका लागि प्रत्येक पटक सार्वजनिक सुनुवाई र अन्तिम भुक्तनीका लागि लेखा परीक्षेण गराई रंगिन फोटो सहित पेश गर्नु पर्नेछ।

६.पकेट सञ्चालन समितिले मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट बमोजिमकको पकेट क्षेत्रहरुमा सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण सम्बन्धित कृषि शाखा तथा पशु शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

परिच्छेद-४

## अनुगमन मुल्यांकन

**१२.अनुगमन तथा मुल्याङ्कनः** कार्यक्रम कार्यान्वयनको क्रमका गाउँपालिकाले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ।गाउँपालिका आर्थिक विकाश समितिको अनुगमन प्रतिवेदन अनिवार्य गाउँकार्यपालिकामा पेश हुने व्यबस्था मिलाउनु पर्नेछ ।वडा कार्यालयको सिफारिसमा अनुगमन प्रतिवेदन पेश भएको हुनुपर्नेछ । माण्डवी गाउँपालिका अनुगमन सिमतिको भुक्तानी सिफारिस पेश हुनुपर्नेछ ।

## अनुसूची-१

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

अरङ्खोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन सम्बन्धि

प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/**

नेपाल सरकारको रु. १ करोड विशेष अनुदान अन्तर्गत प्राप्त माण्डवी गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अरङखोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण आयोजना कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु कृषक समूहहरु, कृषि सहकारी, कृषि फर्म/उद्यमी/अगुवा कृषक तथा उपभोक्ता समूह/ समितिहरु मार्फत संचालन गर्नुपर्ने भएकोले गाउँपालिकाका इच्छुक कृषक समूहहरु, कृषि सहकारी तथा सिंचाई उपभोक्ता समितिहरुबाट सूचना प्रकाशित भएको मितिले १० दिन भित्र (मिति................. गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि विवरण आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूची २ अनुसारको निवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको ढाँचामा बिस्तृत प्रस्ताव, डिजाइन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव ।

३. कृषक समूह/कृषि सहकारी/फर्महरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी ।

५. योजना संचालन सम्बन्धि समूह/सहकारी/उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि ।

६. सम्बन्धित कृषि विकास तथा पशुपन्छी विकास शाखाको सिफारिस ।

७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

८. प्रस्तावकको प्रतिबद्धता पत्र ।

९.व्यवसाय संचालन हुने स्थानको जग्गाको लालपुर्जा वा जग्गा भाडा लिएको भए कम्तिमा ५ वर्ष सम्म करार सम्झौता पत्र ।

१०. माग गरिएका क्रियाकलापहरु मध्ये पुँजीगत/पूर्वाधार इन्जिनियरिङ डिजाइन, औजार उपकरणहरुको स्पेसिफिकेशन सहित अनुमानित लगत खर्च पेश गर्नुपर्नेछ ।

**पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोहि बमोजिम कार्यक्रम संचालन हुनेछ।**

## अनुसूची २

<u>अरङ्घोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण कार्यक्रम अनुदानको लागि दिनुपर्ने निवेदन ढाँचा</u>

**मितिः**

**विषयः .........................................कार्यक्रम लागि अनुदान रकम उपलब्ध गरि पाउं ।**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**माण्डवी गाउँ कार्यपालिकाको कार्यालय,**

**जस्पुर, प्यूठान**

**महोदय,**

हामी/म निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरु/व्यक्तिबाट प्यूठान जिल्ला माण्डवी गाउँपालिका वडा नं.........मा बस्ने/पर्ने ................................................................नामक कृषि सहकारी/कृषि समूह/फर्म/निजि उद्यमी/सिंचाई उपभोक्ता समितिलाई माण्डवी गाउँपालिकाबाट मिति .....................प्रकाशित सूचना अनुसार ................................कार्यक्रमको लागि अनुदान आवश्यक परेकोले आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी वजेट र समूहको निर्णयको प्रतिलिपी सहित अनुसूचीमा संलग्न फराम भरि यो प्रस्तावना पेश गरेका छौं/छु । हामी/मैले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधहरु सम्पूर्ण रुपमा वुझेका छौं र त्यसै अनुसार पूर्ण रुपमा सहमत छौं ।

**<u>निवेदक</u>**

कृषि सहकारी/कृषि समूह/फर्म/निजि उद्यमी/सिंचाई उपभोक्ता समितिको नामः

अध्यक्ष/प्रतिनिधिको नाम :

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

संस्थाको छापः

निवेदन फाराम (क)

सतह सिंचाईको लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फाराम

| क. सं. | कृषि सहकारी/कृषि समूह/ सिंचाई उपभोक्ता समितिका सदस्यहरुको नाम वा निवेदकहरुको नाम | वार्ड नं. | प्रतिनिधित्व गरेको क्षेत्र वा गाउँ | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

एक परिवारबाट एक जना मात्र सदस्य रहने छ ।

## अनुसूची-४

## कार्ययोजना फारम

### १. प्रस्तावित सेवा प्रदयाको सारांश

| | |
|---|---|
| कार्यक्रमको नामः | |
| कार्यक्षेत्र | |
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्ति | |
| ठेगाना | |
| सम्पर्क नं. | |
| व्यवसाय दर्ता वर्षः | |
| मु.अ.कर/स्थायी ले.नं. र दर्ता वर्ष | |
| बैंक खाता विवरणः | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता संचालकहरुको नामः |
| आवेदकको परिचय तथा अनुभवः | |
| जम्मा लागत रुः | |
| कार्यक्रम संचालन स्थलः | जिल्लाः<br>.........................गाउँपालिका<br>वडा नं.<br>गाउँ/टोलः |
| प्रस्तावित कार्यक्रमको प्रमुख उदेश्यः | •<br>•<br>• |
| प्रस्तावित कार्यक्रमको मुख्य क्रियाकलम | • कुलो निर्माण |

## २. कार्यक्रमको विवरण

| **२.१ प्रस्तावित कार्यक्रम योजनाको भूमिका र पुष्ट्याई** |
|---|
| ५०० शब्द नबढाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्य काम , प्रकृत, मुख्य क्रियाकलाप, अवस्था, उपलब्धिहरु, समस्याहरु, पहिचान गरिएका अवसर, चुनौतिहरु, मूल्य अभिवृद्धिका असरहरु, प्रस्तावित कार्य, यसको प्रभाव, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित कार्यक्रमबाट हुने फाइदाहरु उल्लेख गर्ने |

| **२.२ समस्याहरु, अवसर र प्रस्तावित क्रियाकलापहरु** | |
|---|---|
| प्रस्तावित कार्यक्रमको प्रमुख समस्या तथा अवसरहरु तथा तिनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउछ र अवसरहरुको उचित उपयोग । | |
| **समस्याहरु** | **अवसरहरु** |
| १.<br>२.<br>३. | |
| **२.३ प्रस्तावित क्रियाकलापहरु**<br>बढीमा ५०० शब्दभित्र प्रस्तावित क्रियाकलापहरुको सन्क्षिप्त विवरण (के/कसरि/कसले/कहाँ गर्ने)<br>क्रियाकलाप १: कुलो निर्माण | |
| **२.४ नतिजा र प्रतिफल** | |
| प्रतिफल सूचकहरु | कार्यक्रमको लक्ष्य |
| क्षेत्रफल | .........रोपनी |
| बिक्रि परिणाम वृद्धि | ...........टन/वार्षिक |
| आम्दानी वृद्धि | रु......./वार्षिक |
| रोजगारी वृद्धि | .........जना स्वोरोजगार,...........जना बर्षै भरि रोजगार .......जना वा कर्यदीन आंशिक रोजगार |

### ३. जनशक्ति

| किसिम | | संख्या | दलित | महिला | जनजाती | मधेसी | अन्य | पीछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालिन | | | | | | | |
| | आंशिक | | | | | | | |
| व्यवस्थापकीय | पूर्णकालिन | | | | | | | |
| | आंशिक | | | | | | | |
| श्रमिक | बर्षभरी | | | | | | | |
| | आवश्यकता अनुसार | | | | | | | |

### ४. कार्यतालिका

| क्रियाकलाप | अवधि-महिना/वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

### ५. जोखिम व्यवस्थापन

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृति र ब्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |

### ६. बातावरणीय र सामाजिक व्यवस्थापन

| क्रियाकलाप | प्रभाव | न्यूनीकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |

# प्रतिवद्धता पत्र

माण्डवी गाउँपालिकाको मिति...........................सूचना अनुसार ....................................कार्यक्रममा माण्डवी गाउँपालिका वडा नं.....गाउँ/टोल .................मा बस्ने/संचालित......................................कृषक समूह/सहकारी/फर्म/निजि उद्यमी/अगुवा कृषकले लागत साझेदारीमा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना अनुसार कुल लगानी रु................को ........प्रतिशत हुन आउने रु...........................अक्षरुपि.........................................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने गरि आवेदन पेश गरेको/का छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उलेख भए बमोजिमको कार्य गर्नेछु/छौ ५ वर्ष निरन्तर दिनेछु/छौ । व्यवसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा माण्डवी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौ । अन्यथा प्रचलित कानुन बमोजिम साहिला/बुझाउला । साथै संचालित क्रियाकलापबाट बाताबरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौ ।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
|---|---|

छापः

## अनुसूची-५

## सम्झौता पत्रको नमुना

यो सम्झौता पत्र माण्डवी गाउँपालिका, जस्पुर, प्यूठान (यस पछि पहिलो पक्ष भनिएको) र .................... कृषि सहकारी/कृषि समूह/फर्म/निजि उद्यमी/सिंचाई उपभोक्ता समिति, माण्डवी गाउँपालिका वडा नं. ......( यस पछि दोश्रो पक्ष भनिएको) बीच तपशिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मन्जुर छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति..........................देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत इस्टिमेट बमोजिमको कार्य यथासिघ्र संचालन गरि मिति २०७८ साल ..... महिना .......... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोश्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धि कार्य दोश्रो पक्ष आफैले गर्नुपर्नेछ ।

३. प्रथम पक्षले दोश्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य संचालन गर्न योजनाको प्रकृति अनुसार एकमुष्ट रकम भुक्तानी गरिनेछ ।

४. सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रु. (अक्षरुपि.........................................................) र दोश्रो पक्षको लागत सहभागिता रु. (अक्षरुपि.............................................................) व्यहोरिनेछ ।

५. दोश्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिइएको निर्देशन पालना गर्नु पर्नेछ ।

७. पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्दा दोश्रो पक्षले निर्माण तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरि सार्वजनिक सथानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटि राख्नु पर्नेछ ।

८. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।

९. सम्झौता बमोजिमको निर्माण सम्बन्धि कार्य सोहि आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१० . प्रथम पक्षले दोश्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले यथासिघ्र सम्बन्धित दोस्रो पक्ष को नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

११. कुनै पनि कार्यक्रमलाइ कार्यक्रम सम्पन्न नगरी अनुदानको रुपमा रकम भुत्तानी दिइने छैन ।कार्यक्रम सम्पन्न जति भएको छ सोको मुल्यांकनका आधारमा लाभग्राहिको सम्पुर्ण साझेदारी कट्टा गरी भुत्तानी दिइनेछ ।

१२. दोश्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१३. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ..........................................मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरि संचालनमा ल्याउनेछ ।

१४. सम्झौता बमोजिमको निर्माण सम्बन्धि सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१५. सम्झौता बमोजिम कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१६. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**रोहबर**

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नामः | नामः |
| ठेगाना | ठेगाना |
| मितिः | मितिः |